# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, जेठ १९ गते, २०७७ साल (संख्या ७


## भाग ३

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

## सूचना

### फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले ऐनको दफा ४८ बमोजिमको पीडित राहत कोष सम्झनु पर्छ ।

(ग) "जिल्ला अदालत" भन्नाले सम्बन्धित जिल्ला अदालत सम्झनु पर्छ ।

(घ) "सञ्चालक समिति" भन्नाले नियम ५ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

३. **पीडित राहत कोष खडा गरिएको:** कसूरबाट पीडितलाई राहत उपलब्ध गराउन ऐनको दफा ४८ बमोजिम पीडित राहत कोष खडा गरिएको छ।

४. **कोषको खाता र त्यसको सञ्चालन** : (१) कोषमा प्राप्त हुन आएको ऐनको दफा ४८ को उपदफा (२) र (३) बमोजिमको रकम सञ्चालक समितिले तोकेको बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम स्थापित 'क' वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(२) कोषको खाताको सञ्चालन सञ्चालक समितिको सदस्य-सचिव र सर्वोच्च अदालतको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

५. **<u>सञ्चालक समितिको गठन</u>** : (१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मुख्य रजिष्ट्रारले तोकेको सर्वोच्च अदालतको रजिष्ट्रार -अध्यक्ष

(ख) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(ग) सहसचिव, गृह मन्त्रालय -सदस्य

(घ) सहसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -सदस्य

(ङ) महानिर्देशक, फैसला कार्यान्वयन निर्देशनालय, सर्वोच्च अदालत -सदस्य-सचिव

(३) सञ्चालक समितिको सचिवालय सर्वोच्च अदालतमा रहनेछ ।

६. **<u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः</u>** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पीडितलाई कोषबाट अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराउने,

(ख) पीडितलाई कोषबाट प्रदान गरिने अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराउन जिल्ला अदालतको नाममा रकम निकासा गर्ने,

(ग) कोषबाट अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराइएको मुद्दामा

अदालतबाट फैसला हुँदा कसूरदार ठहर भएको व्यक्तिले प्रचलित कानून बमोजिम कोषमा जम्मा गर्नु पर्ने त्यस्तो क्षतिपूर्ति वा राहत बापतको रकम जम्मा गरे वा नगरेको अनुगमन गर्ने वा गराउने तथा जम्मा नभएकोमा जम्मा गराउने व्यवस्था मिलाउने,

(घ) उजुरी झुट्टा ठहरेको वा वारदात स्थापित नभएको अवस्थामा कोषबाट अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति रकम पाएको व्यक्तिले प्रचलित कानून बमोजिम फिर्ता गर्नु पर्ने रकम फिर्ता गरे वा नगरेको अनुगमन गर्ने वा गराउने तथा रकम जम्मा नभएकोमा जम्मा गराउने व्यवस्था मिलाउने,

(ङ) खण्ड (ग) वा (घ) बमोजिम रकम असूल उपर गरी कोषमा जम्मा गर्नु पर्ने देखिएमा सम्बन्धित निकायलाई त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गरिदिने व्यवस्थाको लागि समन्वय तथा सहयोग गर्ने,

(च) कसूरदारले क्षतिपूर्ति तिर्नु पर्ने ठहर भएको रकम जिल्ला अदालतको तहसिल शाखाले असूल उपर गरे नगरेको, असूल उपर गरेको रकम

मध्ये कोषमा दाखिला भएको रकम, कोषमा बुझाउन बाँकी रहेको रकम तथा असूल उपरको क्रममा रहेको रकमको विवरण अद्यावधिक गरे वा नगरेको सम्बन्धमा जिल्ला अदालतको अनुगमन तथा निरीक्षण गर्ने,

(छ) यस नियमावलीको अधीनमा रही कसूर पीडितलाई राहत उपलब्ध गराउने रकमको हद निर्धारण गर्ने,

(ज) कोषबाट अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराइएका मुद्दा, कसूर पीडित र उपलब्ध गराइएको क्षतिपूर्ति तथा राहतको अद्यावधिक अभिलेख राख्ने,

(झ) अदालतको आदेश बमोजिम अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराइएको पीडितको नाम, थर, ठेगाना, मुद्दा तथा त्यस्तो मुद्दा रहेको अदालत, पीडितको नाम, थर, ठेगाना र उपलब्ध गराइएको रकम समेतको विवरण खुलाई अभिलेख राख्ने,

(ञ) कोष सञ्चालन सम्बन्धी अन्य काम गर्ने ।

७. <u>**सञ्चालक समितिको बैठक र निर्णयः**</u> (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सो समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ।

(४) सञ्चालक समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सो समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सञ्चालक समितिले आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **जिल्ला अदालतलाई रकम उपलब्ध गराउने:** कसूर पीडितलाई अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराउनको लागि

सञ्चालक समितिले कोषबाट जिल्ला अदालतको नाममा रकम निकासा दिनेछ ।

९. **छुट्टै खाता खोल्नु पर्नेः** (१) नियम ८ बमोजिम कोषबाट निकासा प्राप्त भएको रकम जिल्ला अदालतले आफ्नो नाममा बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम स्थापित 'क' वर्गको कुनै वाणिज्य बैङ्कमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन जिल्ला अदालतको श्रेस्तेदार र लेखा शाखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१०. **अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति प्राप्त गर्न निवेदन दिनु पर्नेः** (१) अदालतबाट मुद्दामा आदेश वा फैसला हुँदा पीडितलाई कोषबाट अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराउने गरी आदेश वा फैसला भएकोमा त्यस्तो आदेश वा फैसला बमोजिमको क्षतिपूर्ति वा राहत प्राप्त गर्न चाहने पीडितले अनुसूची-१ बमोजिमको ढाँचामा जिल्ला अदालतमा निवेदन दिनु पर्नेछ।

(२) कसूरदारको कुनै सम्पत्ति नभई पीडितले क्षतिपूर्ति नपाउने देखिएको वा कसूर स्थापित भई कसूरदार कायम हुन नसकेको वा कसूरसँग सम्बन्धित मुद्दा प्रचलित कानून बमोजिम फिर्ता भएको कारण अदालतले कोषबाट क्षतिपूर्ति स्वरुप उचित रकम भराउने आदेश गरेकोमा त्यस्तो रकम पाउनको लागि पीडितले अनुसूची-२ बमोजिमको ढाँचामा जिल्ला अदालतमा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम निवेदन दिन पीडित आफैं उपस्थित हुन नसकेमा पीडितले निजको एकासगोलको परिवारको सदस्य वा कानून बमोजिमको प्रतिनिधि मार्फत निवेदन दिन सक्नेछ।

(४) उपनियम (१) वा (२) बमोजिम लिखित रूपमा निवेदन दिन नसक्ने पीडितको लागि जिल्ला अदालतले त्यस्तो निवेदनको ढाँचा भरिदिई निवेदकको सहीछाप गराई निजबाट प्राप्त आवश्यक कागजात तथा विवरण संलग्न गराई निवेदन दिने व्यवस्था मिलाउनु पर्नेछ।

(५) यस नियम बमोजिम निवेदन दिँदा निवेदनसाथ निवेदकको परिचय खुल्ने कागजात संलग्न गर्नु पर्नेछ।

११. **अभियुक्त पत्ता नलागेको कारण मुद्दा दायर हुन नसकेका पीडितलाई राहत उपलब्ध गराउनु पर्ने:** (१) अभियुक्त पत्ता नलागेको वा अन्य कुनै कारणबाट मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर हुन नसकेको कसूरबाट पीडितलाई समेत कोषबाट राहत रकम उपलब्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम राहत रकम पाउनको लागि पीडितले सञ्चालक समिति समक्ष अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ। त्यस्तो निवेदन जिल्ला अदालत वा कसूरको अनुसन्धान गर्ने निकाय मार्फत समेत दिन सकिनेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर सञ्चालक समितिले आवश्यक जाँचबुझ गर्दा कसूरको सूचना कानून बमोजिम दर्ता भई सम्बन्धित निकायबाट अनुसन्धान भएको र निवेदक पीडित भएको देखिएमा समितिले पचास हजार

रुपैयाँमा नबढ्ने गरी मनासिब माफिकको रकम राहतको रुपमा पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई कोषबाट राहत रकम उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकारले कुनै निर्णय गरेकोमा नेपाल सरकारको निर्णय बमोजिमको रकम पीडितलाई राहतको रुपमा उपलब्ध गराइनेछ ।

(५) उपनियम (४) बमोजिमको रकम नेपाल सरकारले कोषमा शोधभर्ना गर्नु पर्नेछ ।

१२. **अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराउने:** (१) नियम १० को उपनियम (१) वा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति दिनको लागि अदालतबाट आदेश भएको र तत् सम्बन्धमा आवश्यक विवरण तथा कागजात संलग्न भएको देखिएमा जिल्ला अदालतले अनुसूची-४ बमोजिमको ढाँचामा अभिलेख राखी पीडितलाई अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) यस नियम बमोजिम क्षतिपूर्तिको रकम उपलब्ध गराउँदा पीडितले पाउने कूल क्षतिपूर्ति रकममा पीडितले अन्तरिम क्षतिपूर्ति वा राहत प्राप्त गरिसकेको भएमा त्यसरी प्राप्त गरेको अन्तरिम क्षतिपूर्ति वा राहत रकम बापतको रकम कट्टा गरी बाँकी रहन आउने रकम मात्र उपलब्ध गराइनेछ ।

(३) पीडितलाई नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट सोही वारदातमा पीडित भएकै कारण कुनै राहत रकम उपलब्ध भएको अवस्थामा कोषबाट अन्तरिम

क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराउँदा त्यसरी प्राप्त रकम यस नियमावली बमोजिम प्राप्त हुने रकम भन्दा कम रहेछ भने पीडितले त्यसरी प्राप्त गरिसकेको रकम हिसाब गरी यस नियमावली बमोजिमको नपुग रकम मात्र उपलब्ध गराइनेछ।

(४) यस नियम बमोजिम पीडितलाई उपलब्ध गराइएको अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्तिको रकमको अभिलेख कसूरदारबाट असुल उपर गर्ने प्रयोजनको लागि जिल्ला अदालतको तहसिल शाखामा जानकारी दिनु पर्नेछ ।

१३. <u>कसूरदारबाट क्षतिपूर्ति रकम असुल उपर गर्नेः</u> प्रचलित कानून बमोजिम कसूरदारबाट पीडितलाई क्षतिपूर्ति वा राहत रकम भराई दिंदा त्यस्तो रकम भराई दिने अदालतको तहसिल शाखा वा सम्बन्धित अधिकारीले त्यस्तो कसूरको सम्बन्धमा पीडितले कोषबाट अन्तरिम क्षतिपूर्ति वा राहत प्राप्त गरेको भएमा कसूरदारबाट असुल उपर गरिएको क्षतिपूर्ति रकमबाट पीडितले अन्तरिम क्षतिपूर्ति वा राहत बापत कोषबाट प्राप्त रकम कोषमा फिर्ता दाखिला गरी बाँकी रकम पीडितलाई भराइ दिनु पर्नेछ।

१४. <u>जानकारी दिनेः</u> (१) जिल्ला अदालतले कोषबाट पीडितलाई अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति बापत रकम उपलब्ध गराए पछि त्यसरी उपलब्ध गराइएको रकमको विवरण सहितको जानकारी पीडितसँग सम्बन्धित मुद्दा रहेको अदालत र सञ्चालक समितिलाई तुरून्त दिनु पर्नेछ ।

(२) पीडितलाई नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट सोही वारदातमा पीडित भएकै कारण कुनै राहत रकम उपलब्ध गराएकोमा सो कुराको जानकारी सञ्चालक

समिति र जिल्ला अदालतलाई दिनु पर्नेछ। यस्तो जानकारी कसूरको अनुसन्धान गर्ने निकाय मार्फत समेत दिन सकिनेछ।

१५. **पीडितको वर्गीकरणः** (१) कोषबाट उपलब्ध गराउने अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्तिको प्रयोजनको लागि पीडितलाई अपराध पीडित संरक्षण ऐन, २०७५ बमोजिम वर्गीकरण गरिनेछ।

(२) अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३३ मा भएको व्यवस्था मात्रको आधारमा यस नियमावली बमोजिम पीडितलाई उपलब्ध गराइने अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराउन बाधा पर्ने छैन।

१६. **कोषबाट राहत वा क्षतिपूर्ति उपलब्ध नगराइनेः** अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३४ प्रतिकूल हुने गरी पीडितलाई कोषबाट राहत वा क्षतिपूर्ति उपलब्ध गराइने छैन।

१७. **पीडितलाई दिइने अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति रकमको हद र आधारः** (१) यस नियमावली बमोजिम पीडितलाई राहत उपलब्ध गराउँदा प्रचलित कानूनमा तोकिएका आधारको अतिरिक्त देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछः-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भई सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लागेको भाडा रकम तथा खाना र बास खर्च बापत छुट्टै प्रतिदिन पाँच सय रूपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लागेको भाडा रकम तथा खाना र बास खर्च बापत छुट्टै प्रतिदिन पाँचसय रूपैयाँ र पीडितलाई अस्पतालमा उपचार गराउँदा लागेको विल बमोजिमको खर्च,

(ग) कसूरबाट मृत्यु भएका व्यक्तिको परिवारलाई किरिया खर्च बापत एकमुष्ठ पचास हजार रुपैयाँ,

(घ) मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि दश हजार रूपैयाँमा नबढ्ने गरी लागेको वास्तविक खर्च,

(ङ) पुनर्स्थापनाको लागि सञ्चालक समितिले निर्धारण गरे बमोजिमको रकम,

(च) अदालतबाट कुनै आधार तोकिदिएकोमा सो आधार बमोजिम कायम हुने रकम,

(छ) राहत उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्ले गरेको निर्णयमा उल्लेख भए बमोजिमको रकम।

स्पष्टीकरण: यस नियमको प्रयोजनको लागि "अस्पताल" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालित अस्पताल वा गैरनाफामूलक सामुदायिक स्वास्थ्य संस्था वा ट्रष्टबाट सञ्चालन गरिएको अस्पताल सम्झनु पर्छ ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पीडितले जिल्ला अदालत वा सञ्चालक समितिमा निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा सञ्चालक समितिले त्यस्तो पीडितलाई दश हजार रूपैयाँमा नबढ्ने गरी मनासिब रकम थप गरी दिन सक्नेछ ।

तर अदालत वा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट नै रकम तोकिएको हकमा भने सोही बमोजिम हुनेछ ।

१८. तत्काल रकम उपलब्ध गराउनु पर्ने: (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट पचास हजार रुपैयाँमा नबढ्ने गरी मनासिब रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको अवस्था परी सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने सञ्चालक समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम उपलब्ध गराइएको रकम पीडितलाई प्रदान गरिने अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति रकमबाट कट्टा हुने गरी कोषमा सोधभर्ना गरिनेछ।

१९. **थप रकम निकासा माग गर्न सक्नेः** (१) सञ्चालक समितिबाट जिल्ला अदालतको नाममा निकासा भएको रकम ऐन तथा यस नियमावली बमोजिम अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति दिनको लागि अपूग हुने भएमा जिल्ला अदालतले अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्तिको लागि परेका निवेदन र त्यसको लागि आवश्यक पर्ने रकमको विवरण खुलाई सञ्चालक समितिसँग थप रकम माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा सञ्चालक समितिले जिल्ला अदालतको आवश्यकता हेरी कोषबाट थप रकम निकासा दिनेछ ।

२०. **रकम फिर्ता गर्नु पर्नेः** (१) ऐन तथा यस नियमावली बमोजिम अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति रकम प्राप्त गरेको व्यक्तिले झुट्टा उजुरी गरेको ठहरेमा वा वारदात स्थापित नभएमा निजले कोषबाट अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति बापत प्राप्त गरेको रकम सम्बन्धित मुद्दाको फैसला भएको मितिले पैंतीस दिनभित्र कोषमा फिर्ता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको अवधिमा कोषमा रकम फिर्ता नगरेमा त्यस्तो रकमको दश प्रतिशत व्याज सहित त्यस्तो व्यक्तिको जुनसुकै जायजेथाबाट प्रचलित कानून बमोजिम असुल उपर गरी कोषमा दाखिला गरिनेछ। यसरी रकम असूल उपरको लागि कारबाही चलाउने अधिकार सञ्चालक समिति वा जिल्ला अदालतको तहसिल शाखालाई हुनेछ ।

२१. **कसूरदारले रकम कोषमा जम्मा गर्नु पर्नेः** (१) कोषबाट पीडितलाई अन्तरिम क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराइएकोमा मुद्दाको फैसला हुँदा अभियोग लागेको व्यक्ति कसूरदार ठहर भएमा त्यस्तो कसूरदारले कोषबाट पीडितलाई उपलब्ध गराइएको अन्तरिम क्षतिपूर्ति वा राहत बापतको रकम पैंतीस दिनभित्र कोषमा जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कसूरदारले कोषमा रकम बुझाउन ल्याएमा जिल्ला अदालत वा सञ्चालक समितिले सो रकम कोषमा जम्मा गरी त्यसरी कोषमा बुझाउनु पर्ने रकम बुझाएको जानकारी जिल्ला अदालतको तहसिल शाखालाई दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कोषमा रकम बुझाउनु पर्ने दायित्व भएको कसूरदारले कोषमा रकम बुझाउन नल्याएमा जिल्ला अदालत वा सञ्चालक समितिले कसूरदारबाट कोषमा जम्मा गर्नु पर्ने रकम प्रचलित कानून बमोजिमको अवधिभित्र आवश्यक कारबाही चलाई असुल उपर गर्नु पर्नेछ ।

(४) मुद्दाको पुर्पक्षका क्रममा धरौट वा जमानत राखेको प्रतिवादीले मुद्दा फैसला हुँदा क्षतिपूर्ति वा राहत बुझाउनु पर्ने भएमा र निजले क्षतिपूर्ति वा राहत नबुझाएमा यस्तो धरौट जमानतको रकमबाट क्षतिपूर्ति वा राहत भराउनु पर्नेछ । यसरी क्षतिपूर्ति वा राहत बापतको रकम भराइसकेको अवस्थामा मात्र बढी भएको धरौट जमानतको रकम प्रतिवादीले अदालतको आदेश अनुसार फिर्ता पाउन सक्नेछ ।

२२. **फैसला भएको जानकारी गराउनेः** अदालतले पीडितलाई कोषबाट अन्तरिम क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन आदेश

दिएको वा कसूरदारको सम्पत्ति नभएको वा प्रचलित कानून बमोजिम पीडितले कोषबाट क्षतिपूर्ति वा राहत पाउने गरी आदेश वा फैसला भएको मुद्दाको आदेश वा फैसलाको जानकारी सम्बन्धित अदालतले सञ्चालक समितिलाई दिनु पर्नेछ ।

२३. **बैङ्क खातामा रकम उपलब्ध गराउनेः** (१) ऐन तथा यस नियमावली बमोजिम पीडितलाई कोषबाट उपलब्ध गराइने अन्तरिम क्षतिपूर्ति, राहत रकम वा क्षतिपूर्ति बापतको रकम पीडितको बैङ्क खातामा जम्मा गर्ने गरी उपलब्ध गराइनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितको बैङ्क खाता नभएको वा बैङ्क खातामा रकम उपलब्ध गराउँदा पीडितलाई असुविधा हुने भएमा कारण खोली पीडितलाई सिधै भुक्तानी हुने गरी रकम उपलब्ध गराउन बाधा पर्ने छैन।

२४. **कोषको लेखा र लेखापरीक्षणः** (१) कोषको आय व्ययको लेखा नेपाल सरकारको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

२५. **प्रतिवेदन पेश गर्नेः** (१) जिल्ला अदालतले पीडितलाई उपलब्ध गराएको अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्तिको रकम, त्यस्तो रकम उपलब्ध गराएको भरपाई र त्यस्तो रकम पाउने पीडितको नाम, थर, ठेगाना, सम्बन्धित मुद्दाको विवरण खुलाई प्रत्येक वर्षको कात्तिक, फागुन र साउन महिनाको सात गतेभित्र सञ्चालक समितिको सचिवालयमा प्रतिवेदन पठाउनु पर्नेछ।

(२) जिल्ला अदालतले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पन्ध्र दिनभित्र जिल्ला अदालतबाट अघिल्लो

आर्थिक वर्षभरिमा पीडितलाई उपलब्ध गराएको देहाय बमोजिमको विवरण सहितको प्रतिवेदन सञ्चालक समितिमा पठाउनु पर्नेछः-

(क) अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति बापतको रकम र त्यस्तो रकम उपलब्ध गराउन आदेश दिने अदालत, मुद्दाका पक्षको नाम, थर, ठेगाना तथा मुद्दाको विवरण,

(ख) अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति बापतको रकम प्राप्त गर्ने पीडितको नाम, थर, ठेगाना, उपलब्ध गराइएको रकम तथा तत् सम्बन्धी अन्य विवरण,

(ग) कसूरदारबाट असुल उपर गरिएको क्षतिपूर्ति बापतको रकम, सो रकम कोषमा दाखिला भएको विवरण, कसूरदारले क्षतिपूर्ति तिर्नु पर्ने ठहर भई कोषमा बुझाउन बाँकी रहेको रकम तथा त्यस्तो रकम बाँकी हुनुको कारण,

(घ) कोषबाट अदालतलाई उपलब्ध गराइएको रकम मध्येबाट आर्थिक वर्षमा खर्च भएको रकम र बाँकी रकमको विवरण,

(ङ) सञ्चालक समितिले निर्धारण गरेका अन्य विवरण।

(३) सञ्चालक समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र उपनियम (२) मा उल्लेख भएका विवरण, कोषबाट वर्ष भरिमा पीडितलाई उपलब्ध गराइएको अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्तिको रकम, त्यस्तो रकम प्राप्त गर्ने पीडितको सङ्ख्या र प्रकार, कोषमा रहेको रकम तथा कोषको अवस्था र भोग्नु परेका समस्या, चुनौती तथा समाधानको लागि सुझाव सहितको प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदन नेपाल सरकार समक्ष पेश भएपछि सञ्चालक समितिले त्यस्तो प्रतिवेदन उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

२६. **<u>अभिलेख अद्यावधिक राख्ने:</u>** (१) प्रत्येक जिल्ला अदालतले ऐन तथा यस नियमावली बमोजिम सो जिल्ला अदालत मार्फत प्रदान गरिएको अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्तिको विवरण, कसूरदार वा सम्बन्धित व्यक्तिबाट कोषमा जम्मा गरिएको वा असुल उपर गरी कोषमा जम्मा गरिएको रकमको अद्यावधिक विवरण अनुसूची-४ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(२) सञ्चालक समितिको सचिवालयले जिल्ला अदालतबाट प्राप्त विवरण समेतको आधारमा कोषबाट प्रदान गरिएको अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्तिको विवरण, कसूरदार वा सम्बन्धित व्यक्तिबाट कोषमा जम्मा गरिएको वा असुल उपर गरी कोषमा जम्मा गरिएको रकम, कोषमा रहेको रकम समेतको अद्यावधिक विवरण उपनियम (१) मा निर्धारण गरिएको ढाँचामा राख्नु पर्नेछ ।

(३) अभिलेख राख्ने सम्बन्धमा सञ्चालक समितिले आवश्यक विद्युतीय प्रणालीको समेत विकास गरी प्रयोगमा ल्याउन सक्नेछ। त्यसरी विद्युतीय प्रणालीको प्रयोग भएको अवस्थामा जिल्ला अदालतले सो कोषबाट अन्तरिम क्षतिपूर्ति वा राहत रकम भुक्तानी गरेको, क्षतिपूर्ति दिएको प्रत्येक कारोबारको विवरण तत्काल कम्प्युटर प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ ।

२७. **दोहोरो पर्ने गरी राहत वा क्षतिपूर्ति उपलब्ध नगराइनेः** (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति प्राप्त गरिसकेको पीडितलाई यस नियमावली बमोजिमको अन्तरिम क्षतिपूर्ति वा राहत उपलब्ध गराइने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई नियम १२ को उपनियम (३) बमोजिमको रकम उपलब्ध गराउन बाधा पर्ने छैन ।

२८. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः** कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।



www.lawcommission.gov.np

अनुसूची-१
(नियम १० को उपनियम (१) सँग सम्बन्धित)
अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति रकम प्राप्त गर्न दिनु पर्ने
निवेदनको ढाँचा

श्री .................... अदालत
.............................. ।

मितिः

विषयः अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति रकम उपलब्ध गराई पाऊँ ।

श्री ................. अदालतबाट मिति ............................. मा अपराधबाट पीडित श्री ..................... लाई पीडित राहत कोषबाट अन्तरिम क्षतिपूर्ति/राहत/क्षतिपूर्ति उपलब्ध गराउने गरी आदेश भएकोले सो आदेशको प्रति यसैसाथ संलग्न गरी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ तथा फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ बमोजिम पीडित राहत कोषबाट अन्तरिम क्षतिपूर्ति/राहत/क्षतिपूर्ति रकम उपलब्ध गराई दिनु हुनको लागि यो निवेदन गरेको छु/छौं । अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्तिको रुपमा प्राप्त रकम झुट्टा उजुरी गरेको ठहर भई वा वारदात स्थापित नभएको आधारमा अदालतले फिर्ता गर्न आदेश दिएको अवस्थामा प्रचलित कानून बमोजिमको अवधिभित्र कोषमा फिर्ता बुझाउने छु/छौं ।

१. वादीको नाम, थर, ठेगानाः ................ .............
२. प्रतिवादीको नाम, थर, ठेगानाः ............. ..........
३. मुद्दाको नामः ............................ दर्ता नं. ...............

४. पीडित राहत कोषबाट अन्तरिम क्षतिपूर्ति वा राहत प्राप्त गरेको भएमा प्राप्त रकम रु:..............

५. पीडित राहत कोषबाट क्षतिपूर्ति उपलब्ध गराउनको लागि आदेश भएको रकम रु. .................. *(पीडितले पहिले प्राप्त गरेको अन्तरिम क्षतिपूर्ति वा राहत बापतको रकम कट्टा गरी बाँकी हुन आउने रकम पाउनेछ)*

६. पीडितको बैङ्क खाता भएमा (पीडित एक भन्दा बढी भएमा अन्तरिम क्षतिपूर्ति वा राहत प्राप्त गर्ने सबै पीडितको यस खण्ड बमोजिमको विवरण भर्ने):-

(१) (क) पीडितको नामः
(ख) खाता नं. :
(ग) खाता रहेको बैङ्कको नाम, शाखा र ठेगानाः

(२) (क) पीडितको नामः
(ख) खाता नं. :
(ग) खाता रहेको बैङ्कको नाम, शाखा र ठेगानाः

७. अन्य निकायबाट अन्तरिम क्षतिपूर्ति/राहत/क्षतिपूर्ति लिए/नलिएको विवरणः

(क) लिएको भएमा लिएको रकमः
(ख) रकम दिने निकायः

निवेदकको,-
सहिछापः
नाम, थर, ठेगानाः
मितिः

संलग्न कागजात:

१. अदालतको आदेशको प्रतिलिपि,

२. पीडितको नागरिकताको प्रतिलिपि,

३. नागरिकताको प्रमाणपत्र प्राप्त गरिनसकेको नागरिकको हकमा पीडितको पहिचान हुने गरी स्थानीय तहले गरेको सिफारिस,

४ पीडितको पहिचानको लागि आवश्यक अन्य कागजातको प्रतिलिपि ।

मुद्रण विभाग,

अनुसूची-२

(नियम १० को उपनियम (२) सँग सम्बन्धित)

## <u>अदालतको फैसला बमोजिम क्षतिपूर्ति रकम प्राप्त गर्न दिनु पर्ने निवेदनको ढाँचा</u>

श्री ..................... अदालत

.............................. ।

मितिः

विषयः क्षतिपूर्ति रकम उपलब्ध गराई पाउँ ।

श्री .................. अदालतबाट मिति ............................... मा अपराधबाट पीडित श्री ...................... लाई कसूरदारको कुनै सम्पत्ति नभई पीडितले क्षतिपूर्ति नपाउने देखिएको/कसूर स्थापित भई कसूरदार कायम हुन नसकेको/कसूरसँग सम्बन्धित मुद्दा प्रचलित कानून बमोजिम फिर्ता भएको कारण पीडित राहत कोषबाट क्षतिपूर्ति उपलब्ध गराउने गरी फैसला भएकोले सो फैसलाको प्रति यसैसाथ संलग्न गरी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ तथा फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ बमोजिम पीडित राहत कोषबाट क्षतिपूर्ति उपलब्ध गराई पाउनको लागि यो निवेदन गरेको छु/छौं ।

१. वादीको नाम, थर, ठेगानाः ................. ..............
२. प्रतिवादीको नाम, थर, ठेगानाः ............. ..........
३. मुद्दाको नामः ....................... दर्ता नं.: ...............
४. पीडित राहत कोषबाट अन्तरिम क्षतिपूर्ति वा राहत प्राप्त गरेको भएमा प्राप्त रकम रुः.............

५. पीडित राहत कोषबाट क्षतिपूर्ति उपलब्ध गराउनको लागि आदेश भएको रकम रु. ................. *(पीडितले पहिले प्राप्त गरेको अन्तरिम क्षतिपूर्ति वा राहत बापतको रकम कट्टा गरी बाँकी हुन आउने रकम पाउनेछ)*

६. पीडितको बैङ्क खाता भएमा (पीडित एक भन्दा बढी भएमा क्षतिपूर्ति प्राप्त गर्ने सबै पीडितको यस खण्ड बमोजिमको विवरण भर्ने)

(१) (क) पीडितको नामः

(ख) खाता नं. :

(ग) खाता रहेको बैङ्कको नाम, शाखा र ठेगानाः

(२) (क) पीडितको नामः

(ख) खाता नं. :

(ग) खाता रहेको बैङ्कको नाम, शाखा र ठेगानाः-

७. अन्य निकायबाट अन्तरिम क्षतिपूर्ति/राहत/क्षतिपूर्ति लिए/नलिएको विवरणः

(क) लिएको भएमा लिएको रकमः

(ख) रकम दिने निकायः

निवेदकको,–
सहिछापः
नाम, थर, ठेगानाः
मितिः

संलग्न कागजातः

१. अदालतको फैसलाको प्रतिलिपि,

२. पीडितको नागरिकताको प्रतिलिपि,



कानून किताब व्यवस्था समिति

३. नागरिकताको प्रमाणपत्र प्राप्त गरिनसकेको नागरिकको हकमा पीडितको पहिचान हुने गरी स्थानीय तहले गरेको सिफारिस,

४ पीडितको पहिचानको लागि आवश्यक अन्य कागजातको प्रतिलिपि ।

अनुसूची-३

(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार वा सञ्चालक समितिको निर्णय बमोजिमको राहत रकम प्राप्त गर्न दिनु पर्ने निवेदनको ढाँचा

श्री पीडित राहत कोष सञ्चालक समिति,
सर्वोच्च अदालत भवन, काठमाडौं।

मितिः

विषयः राहत रकम उपलब्ध गराई पाउँ।

देहायको मिति, समय र स्थानमा भएको.............................कसूरबाट म/हामी पीडित भएको र सो कसूरमा प्रचलित कानून बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर हुन नसकेकोले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ तथा फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ बमोजिम पीडित राहत कोषबाट राहत रकम उपलब्ध गराई पाउनको लागि यो निवेदन गरेको छु/छौं।

देहायको मिति, समय र स्थानमा भएको ............. कसूरबाट पीडित म/ हामीलाई नेपाल सरकारले पीडित राहत कोष मार्फत रू .............. राहत रकम दिने गरी मिति ...... ...... मा निर्णय गरेकोले सो निर्णय बमोजिमको राहत रकम उपलब्ध गराई पाउँ भनी यो निवेदन गरेको छु/छौं।

कोषबाट राहतको रुपमा प्राप्त रकम झुट्टा उजुरी गरेको ठहर भएको वा वारदात स्थापित नभएको आधारमा अदालतले फिर्ता गर्न आदेश दिएको अवस्थामा प्रचलित कानून बमोजिमको अवधिभित्र कोषमा फिर्ता बुझाउने छु/छौं । निवेदनको व्यहोरा साँचो हो झुट्टा ठहरेमा प्रचलित कानून बमोजिमको कारबाही भोग्ने छु/छौं।

१. कसूर भएको स्थान तथा मितिः

(क) जिल्लाः ........ (ख) गाउँपालिका/नगरपालिकाः..........

(ग) वडा नं.: .... (घ) स्थानः.............

(ङ) मितिः ................

२. जाहेरी गरेको प्रहरी कार्यालयको नामः ................

३. नेपाल सरकारले राहत रकम दिने निर्णय गरेको भए,-

(क) निर्णय मितिः

(ख) राहतको रुपमा दिने गरी निर्णय भएको रकम रुः ...........

४. पीडितको बैङ्क खाता भएमा (पीडित एक भन्दा बढी भएमा राहत माग गर्ने सबै पीडितको यस खण्ड बमोजिमको विवरण भर्ने):-

(१) (क) पीडितको नामः

(ख) खाता नं.:

(ग) खाता रहेको बैङ्कको नाम, शाखा र ठेगानाः

(२) (क) पीडितको नामः

(ख) खाता नं. :

(ग) खाता रहेको बैङ्कको नाम, शाखा र ठेगानाः

५ अन्य निकायबाट अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति लिए/नलिएको विवरणः

(क) लिएको भएमा लिएको रकमः

(ख) रकम दिने निकायः

<u>निवेदकको,–</u>

सहिछापः

नाम, थर, ठेगानाः

मितिः

संलग्न कागजातः

१. नेपाल सरकारको निर्णय बमोजिम राहत माग गरेकोमा त्यस्तो निर्णयको प्रतिलिपि,

२. पीडितको नागरिकताको प्रतिलिपि,

३. नागरिकताको प्रमाणपत्र प्राप्त गरिनसकेको नागरिकको हकमा पीडितको पहिचान हुने गरी स्थानीय तहले गरेको सिफारिस,

४ सम्बन्धित अनुसन्धान अधिकृतको सिफारिस पत्र,

५. पीडितको पहिचानको लागि आवश्यक अन्य कागजातको प्रतिलिपि ।

अनुसूची-४

(नियम १२ को उपनियम (१) र नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति रकम वितरणको अभिलेखको ढाँचा

पीडित राहत कोष सञ्चालक समिति/जिल्ला अदालत

.......................

पीडित राहत कोषबाट पीडितलाई अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति रकम वितरणको अभिलेख

| क.स. | पीडितको विवरण | | मुद्दाको विवरण | | | | उपलब्ध गराइएको अन्तरिम क्षतिपूर्ति वा राहतको विवरण | | | नेपाल सरकार वा कोष सञ्चालक समितिबाट राहत उपलब्ध गराएकोमा सोको विवरण | | कसूरदारबाट असुल उपरको विवरण | | क्षतिपूर्तिको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम, थर ठेगाना | बाबु, आमा र बाजे बज्यै को नाम थर | मुद्दा परेको अदालत | मुद्दा दर्ता नं. र नाम | बादीको नाम, थर ठेगाना | प्रतिबादीको नाम, थर ठेगाना | अदालतको आदेश मिति | उपलब्ध गराइएको रकम | मिति | निर्णय मिति र निर्णय गर्ने निकाय | उपलब्ध गराइएको रकम | मिति | असुल उपर भएको रकम | फैसला मिति | क्षतिपूर्ति दिइएको रकम र मिति | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | |

आज्ञाले,

राजीव गौतम

नेपाल सरकारको सचिव ।

आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्र सम्बन्धित उच्च सरकारी वकील कार्यालयको प्रमुखले तोक्न सक्नेछ ।

(४) उपनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताको कार्यालयले विशेष अवस्थामा कुनै पनि तहको सरकारी वकीललाई विशेष जिम्मेवारी दिई नेपाल सरकारको तर्फबाट मुद्दा दायर गर्न वा बहस पैरवी गर्न कुनै सरकारी वकील कार्यालयमा खटाउन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम खटिई आएका सरकारी वकीललाई सहयोग गर्नु सम्बन्धित सरकारी वकील कार्यालयका सरकारी वकील तथा कर्मचारीको कर्तव्य हुनेछ।

## परिच्छेद–५

## पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याउनका लागि निवेदन दिने सम्बन्धी कार्यविधि

२२. **पुनरावेदन गर्ने सम्बन्धी कार्यविधिः** (१) नेपाल सरकार वादी हुने मुद्दामा कुनै अदालत वा मुद्दा हेर्ने अधिकारी वा निकायबाट भएको फैसला उपर मिसिल संलग्न प्रमाणबाट पुनरावेदन गर्नु पर्ने देखिएमा त्यस्तो मुद्दा अभियोजन वा बहस पैरवी गर्न वा फिराद दायर गर्न वा त्यस्तो फैसला उपर पुनरावेदन दायर गर्न तोकिएको सरकारी वकीलले पुनरावेदनको मस्यौदा तयार गरी पुनरावेदन दायर गर्ने जिम्मेवारी भएको सरकारी वकील कार्यालयमा पुनरावेदन गर्ने म्याद शुरु भएको दश दिनभित्र पठाई सक्नु पर्नेछ ।

तर जिल्ला अदालतमा पुनरावेदन लाग्ने मुद्दामा जिल्ला सरकारी वकील कार्यालयको सम्बन्धित सरकारी वकीलले पुनरावेदन वा निवेदन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम पुनरावेदनको मस्यौदा प्राप्त भएपछि सम्बन्धित सरकारी वकील कार्यालयका सरकारी वकीलले प्राप्त मस्यौदा जाँचबुझ गरी पुनरावेदन गर्नु पर्ने देखिएमा नेपाल सरकारको तर्फबाट सम्बन्धित अदालतमा पुनरावेदन गर्नु पर्नेछ ।

२३. <u>पुनरावेदन नगर्दाको कार्यविधिः</u> (१) नेपाल सरकार वादी हुने मुद्दामा कुनै अदालत वा मुद्दा हेर्ने अधिकारी वा निकायबाट भएको फैसला उपर पुनरावेदन गर्नु पर्ने नदेखिएमा पुनरावेदन गर्नु नपर्ने कारण सहितको राय सम्बन्धित सरकारी वकील कार्यालयले माथिल्लो सरकारी वकील कार्यालयमा पुनरावेदनको म्याद शुरु भएको दश दिनभित्र पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन नगर्ने प्रस्ताव प्राप्त भएपछि माथिल्लो सरकारी वकील कार्यालयले पुनरावेदन गर्नु नपर्ने वा पुनरावेदन गर्न उपयुक्त नहुने देखेमा पुनरावेदन नगर्ने आधार र कारण सहित निकासाका लागि मिसिल प्राप्त भएको दश दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्नु वा गराउनु पर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला अदालतले पुनरावेदनको रोहमा गरेको फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (३) को खण्ड (ग) बमोजिम उच्च अदालतमा

पुनरावेदन नगर्ने अन्तिम निर्णय सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले गर्न सक्नेछ। यसरी निर्णय भएकोमा सोको अभिलेख राखी निर्धारित ढाँचामा महान्यायाधिवक्ताको कार्यालयमा निर्णय भएको मितिले तीन दिनभित्र पठाउनु पर्नेछ ।

२४. **मुद्दा दोहोऱ्याउने निवेदन सम्बन्धी कार्यविधिः** (१) न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम कुनै मुद्दामा दोहोऱ्याउने निवेदन गर्न उपयुक्त छ भन्ने लागेमा त्यस्तो मुद्दामा सम्बन्धित सरकारी वकीलले उच्च अदालतबाट फैसला वा अन्तिम आदेश भएको मितिले पाँच दिनभित्र मुद्दा दोहोऱ्याउने सम्बन्धी निवेदनको मस्यौदा तयार गरी महान्यायाधिवक्ताको कार्यालय समक्ष पठाउनु पर्नेछ ।

(२) कुनै मुद्दामा उच्च अदालतबाट भएको फैसला वा अन्तिम आदेश उपर मुद्दा दोहोऱ्याउने निवेदन गर्न उपयुक्त छैन भन्ने लागेमा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले आधार र कारण उल्लेख गरी मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय गर्न सक्नेछ । यसरी निर्णय भएकोमा सो को अभिलेख राखी निर्धारित ढाँचामा सोको विवरण महान्यायाधिवक्ताको कार्यालयमा निर्णय भएको मितिले तीन दिनभित्र पठाउनु पर्नेछ ।

२५. **निवेदन सम्बन्धी कार्यविधिः** (१) कुनै अदालत, निकाय वा अधिकारीबाट भएको आदेश वा अन्तरकालीन आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ वा प्रचलित कानून बमोजिम पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन उपयुक्त लागेमा त्यस्तो मुद्दामा अभियोजन गर्न वा बहस

पैरवी गर्न तोकिएको सरकारी वकीलले निवेदनको मस्यौदा तयार गरी आदेशको जनाउ प्राप्त भएको पाँच दिनभित्र जिल्ला सरकारी वकील कार्यालयले भए उच्च सरकारी वकील कार्यालयमा र उच्च सरकारी वकील कार्यालयले भए महान्यायाधिवक्ताको कार्यालय समक्ष प्रस्ताव पठाउनु पर्नेछ।

तर जिल्ला अदालतमा निवदेन लाग्ने मुद्दामा जिल्ला सरकारी वकील कार्यालयको सम्बन्धित सरकारी वकीलले निवेदन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिन उपयुक्त नभएमा सम्बन्धित सरकारी वकीलले निवेदन गर्नु नपर्नाको आधार र कारण खोली प्रमाणित गरी राख्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त प्रस्ताव अध्ययन गर्दा निवेदन गर्नु पर्ने देखिएमा उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा महान्यायाधिवक्ता वा महान्यायाधिवक्ताले अधिकार प्रत्यायोजन गरे बमोजिम विभागीय प्रमुखले सम्बन्धित अदालतमा निवेदन गर्ने वा गर्न लगाउनेछ ।

२६. <u>पुनरावेदन गर्न, पुनरावलोकन गर्न वा मुद्दा दोहोऱ्याउन निवेदन दिन आदेश दिन सक्ने:</u> नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा अदालत वा मुद्दा हेर्ने निकायले गरेको निर्णय वा आदेश उपर पुनरावेदन वा पुनरावलोकन वा मुद्दा दोहोऱ्याउन निवेदन गर्नु पर्ने देखिएमा महान्यायाधिवक्ताले सो बमोजिम गर्नका लागि सम्बन्धित अधिकारीलाई लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित अधिकारीले सोही बमोजिम गर्नु गराउनु पर्नेछ ।

२७. **मुद्दाको कागजात सहित प्रस्ताव पठाउनेः** (१) यस परिच्छेद बमोजिम पुनरावेदन वा निवेदन गर्ने वा नगर्ने प्रस्ताव पठाउँदा अदालत वा न्यायिक निकायको निर्णय एवं मिसिल संलग्न कागजात समेत राखी पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन गर्ने, नगर्ने वा निवेदन गर्ने वा नगर्ने प्रस्ताव पठाउँदा सो गर्नु पर्ने वा गर्नु नपर्ने आधार र कारण स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

२८. **इतलायनामा वा सूचना तामेल भएपछिको कारबाहीः** नेपाल सरकार उपर वा सरकारी कामको सिलसिलामा सरकारी कर्मचारी उपर परेको नालिस उजुरका सम्बन्धमा अदालतबाट जारी भएको इतलायनामा वा सूचना सरोकारवाला सरकारी वकीलले पाउनासाथ संलग्न कागजात सहित सम्बन्धित कार्यालय वा कर्मचारीलाई तुरुन्त पठाई दिनु पर्नेछ ।

२९. **सरकारी कर्मचारी उपर मुद्दा परेमाः** (१) सरकारी काम कारबाहीको सिलसिलामा कुनै सरकारी कर्मचारी उपर परेको मुद्दामा अदालतबाट इतलायनामा वा सूचना सम्बन्धित कर्मचारीले पाएपछि निजले सो मुद्दामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा होस् भन्ने चाहेमा निजको विभागीय प्रमुख समक्ष देहायका कुराहरू खुलाई तुरुन्त निवेदन गर्नु पर्नेछः-

(क) मुद्दाको नाम र सङ्ख्या,

(ख) कुन मितिमा कुन अदालतमा दायर गरिएको हो सो कुरा,

(ग) सबै पक्षहरूको नाम नामेसी,

(घ) दाबीको मोल बिगो,

(ङ) अदालतमा प्रतिउत्तर वा प्रतिवाद गर्नु पर्ने म्याद र सो म्याद थमाउनु पर्ने भए सो कुरा,

(च) प्रचलित कानून बमोजिम मुद्दा गरिने सूचना प्राप्त भएको वा नभएको, प्राप्त भएको भए प्राप्त भएको मिति,

(छ) मुद्दामा वादीले पेश गरेको र प्रतिवादीबाट पेश हुने प्रमाणका लिखत कागजात,

(ज) सम्बन्धित सरकारी वकीलको राय, र

(झ) मुद्दा सम्बन्धी भए गरेका कारबाहीका कागजात ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त हुन आएमा त्यस्तो कर्मचारीको विभागीय प्रमुखले सम्बन्धित कागजात सहित प्रतिरक्षाका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा लेखी पठाउन सक्नेछ।

(३) सरकारी काम कारबाहीको सिलसिलामा कुनै सरकारी कर्मचारी उपर मुद्दा परेमा उपनियम (१) र (२) बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कर्मचारीको तर्फबाट प्रतिरक्षा होस् भनी त्यस्तो कर्मचारीको विभागीय प्रमुखले अनुरोध गरी पठाएमा सरकारी, सार्वजनिक हितलाई ध्यानमा राखी न्याय र कानूनको रक्षा हुने गरी सम्बन्धित सरकारी वकील कार्यालयबाट प्रतिरक्षा गरिदिनु पर्नेछ ।

३०. **नेपाल सरकार उपर परेको वा नेपाल सरकारको तर्फबाट दायर हुने मुद्दा सम्बन्धमा कारबाही:** (१) नेपाल सरकार उपर परेको वा नेपाल सरकारको तर्फबाट दायर हुनु पर्ने मुद्दामा सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखले फिरादपत्र, प्रतिउत्तरपत्र, लिखित प्रतिवाद वा पुनरावेदन पेश गर्नु अघि सम्बन्धित सरकारी वकीलसँग आवश्यक कानूनी सल्लाह लिई त्यस्तो फिरादपत्र, प्रतिउत्तरपत्र, लिखित प्रतिवाद, पुनरावेदन र सो मुद्दासँग सम्बन्धित कागजात एवं प्रमाण सङ्कलन गरी गराई आफुले पेश गर्नु पर्नेमा सम्बन्धित अदालत वा निकायमा पेश गर्नु पर्नेछ र सरकारी वकीलबाट पेश गर्नु पर्नेमा सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ । यसरी सरकारी वकीलबाट पेश गर्नु पर्ने भई प्राप्त भएको फिरादपत्र, प्रतिउत्तरपत्र, लिखित प्रतिवाद वा पुनरावेदन सम्बन्धित सरकारी वकीलले सम्बन्धित अदालत वा निकायमा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको मुद्दामा प्रतिरक्षाको लागि सम्बन्धित निकायले सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रतिरक्षा गर्न लेखी पठाउँदा सम्बन्धित मिसिल कागजात समेत दुरुस्त राखी पठाउनु पर्नेछ। सम्बन्धित अधिकृत वा पदाधिकारीले आवश्यक कागजात नपठाएको कारणले मुद्दामा असर पर्न गएमा सोको जानकारी सम्बन्धित सरकारी वकीलले विभागीय प्रमुखलाई गराउनु पर्नेछ ।

३१. **सरकारी वकीलसँग परामर्श लिने र फाइल पठाउने:** (१) सरकारी वकीलबाट दायर हुने बाहेकका नेपाल

सरकार वा सरकारी कर्मचारीको तर्फबाट अदालतमा दायर भएको र अन्य कसैले नेपाल सरकार वा सरकारी कर्मचारी उपर दायर गरेको मुद्दामा पुनरावेदन गर्न, पुनरावलोकन वा दोहोऱ्याई हेरी पाउन निवेदन गर्ने निर्णय गर्नु अघि सम्बन्धित अधिकृतले चाहेमा महान्यायाधिवक्ताको कार्यालयमा सो विषयमा परामर्श गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन गर्दा वा पुनरावलोकन वा दोहोऱ्याई हेरी पाउन निवेदन दिँदा सम्बन्धित निकायले आवश्यक परेमा सम्बन्धित सरकारी वकीलसँग समन्वय गरी आवश्यक लिखत कागजात वा निवेदन तयार गरी अदालतमा दर्ता गराई सकेपछि फाइल बहस पैरवीको लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ ।

३२. <u>अदालतबाट भएका फैसला वा आदेश बमोजिम भरिभराउ गर्ने</u>: नेपाल सरकार वा सरकारी कर्मचारीको विरुद्ध परेको वा नेपाल सरकारका तर्फबाट प्रतिरक्षा गरिएको मुद्दामा अदालतले गरेको फैसला वा आदेश अन्तिम भएपछि प्रचलित कानूनको म्यादभित्र सो बमोजिम भरी भराउको लागि लेखी आएमा सम्बन्धित अधिकारीले भरी भराउको कारबाही गरी दिनु पर्नेछ।

## परिच्छेद ६

## मिलापत्र सम्बन्धी व्यवस्था

३३. <u>विचाराधीन मुद्दा मिलापत्र गर्ने</u>: (१) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम नेपाल सरकार वादी भएको मुद्दा मिलापत्र

गर्नका लागि प्रतिवादी र पीडित सहमत भएमा दुवै पक्षले सम्बन्धित सरकारी वकील कार्यालय समक्ष निवेदन दिन सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा सम्बन्धित सरकारी वकीलले प्रतिवादी र पीडितको पहिचान गरी मिलापत्र गर्न मनासिब देखिएमा दुबै पक्षलाई निवेदन सनाखत गराई आफ्नो राय सहित सम्बन्धित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम मिलापत्रका लागि जिल्ला सरकारी वकील कार्यालयले पठाएको जानकारी सम्बन्धित उच्च सरकारी वकील कार्यालयलाई समेत दिनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम प्राप्त भएको निवेदन सहितको मिसिल अध्ययन गर्दा निवेदन माग बमोजिम गर्न उपयुक्त देखिएमा महान्यायाधिवक्ता वा महान्यायाधिवक्ताले अधिकार प्रत्यायोजन गरेको नायब महान्यायाधिवक्ताले मिलापत्र गर्ने आदेश गरी सो आदेश कार्यान्वयनका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा मिसिल सहित पठाउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको आदेश प्राप्त भएपछि सम्बन्धित सरकारी वकील कार्यालयले मुद्दा हेर्ने अधिकारी समक्ष मिलापत्रको लागि सम्पूर्ण कागजात सहित निवेदन दिनु पर्नेछ ।

(६) उपनियम (१) बमोजिमको निवेदन महान्यायाधिवक्ताको कार्यालय वा उच्च सरकारी वकील कार्यालयमा पर्न आएमा त्यस्तो निवेदन आवश्यक

कारबाहीका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम प्राप्त निवेदन उपर सम्बन्धित सरकारी वकील कार्यालयले यस नियममा उल्लिखित प्रक्रिया बमोजिम कारबाही अगाडी बढाउनु पर्नेछ ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम संरक्षकलाई रोहवरमा राख्नु पर्ने प्रकृतिको मुद्दामा मिलापत्र गर्नु परेमा संरक्षकलाई रोहवरमा राख्नु पर्नेछ।

## परिच्छेद–७

## विविध

३४. **सरकारी वकीललाई सहयोग गर्न कर्मचारी खटाउनु पर्नेः** (१) नेपाल सरकार वादी भएको मुद्दा वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दा कुनै अड्डा अदालतमा चलिरहेको अवस्थामा वा त्यस्तो मुद्दा दायर गर्नु पर्ने देखिएमा साक्षी प्रमाण जुटाउने लगायतका अन्य काममा सरकारी वकीलले सहयोग माग गरेमा सम्बन्धित अधिकारीले मुद्दाको वस्तुस्थिति बुझेको कर्मचारी खटाई दिनु पर्नेछ ।

(२) नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा आवश्यक पर्ने निर्णय, मिसिल, फाइल वा कागजात सम्बन्धित सरकारी वकील कार्यालयबाट माग भएमा सम्बन्धित निकायले यथाशीघ्र त्यस्तो कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम मिसिल कागजात प्राप्त नभएमा त्यस्तो मुद्दामा सरकारी वकीलले प्रतिरक्षा गर्न इन्कार गर्न सक्नेछ ।

३५. <u>विभागीय कारबाही गर्न लेखी पठाउन सक्नेः</u> (१) सरकारी वकीलले देहायको अवस्थामा देहायका कर्मचारी वा अधिकारी उपर विभागीय कारबाहीका लागि महान्यायाधिवक्ता समक्ष लेखी पठाउन सक्नेछः–

(क) मुद्दाको सन्दर्भमा सम्बन्धित निकायलाई दिएको निर्देशन पालना नगरेको वा यस नियमावली बमोजिम माग गरेको सहयोग प्रदान नगरेको कारण मुद्दाको अभियोजन, निर्णय वा बहस पैरवीमा प्रतिकूल असर परेमा त्यस्तो निर्देशन पालना नगर्ने वा सहयोग नगर्ने अधिकारी वा कर्मचारी,

(ख) कुनै निर्णय, मिसिल, फाइल वा कागजात माग गर्दा समयमा नपठाएको कारणबाट मुद्दामा असर पर्न गएमा त्यसरी निर्णय, मिसिल, फाइल वा कागजात नपठाउने सम्बन्धित अधिकारी वा कर्मचारी,

(ग) मुद्दाको सिलसिलामा वा कानूनी रायका लागि प्राप्त भएका कागजात अध्ययन गर्दा कुनै

अधिकारी वा कर्मचारीले कानून उल्लङ्घन गरेको वा हेलचेक्र्याई वा बदनियतसाथ काम गरेको कारणबाट नेपाल सरकारलाई हानि नोक्सानी पुगेको वा सार्वजनिक हितमा असर परेको वा सर्वसाधारणमा क्षति पुऱ्याउने वा दुःख वा हैरानी दिने नियतले काम गरेको देखिएमा त्यस्तो अधिकारी वा कर्मचारी,

(घ) नेपाल सरकार वादी हुने मुद्दामा सरकारी वकीलको निर्णयभन्दा फरक दाबी लिई अभियोग पत्र वा फिराद पत्र दायर गरेमा त्यस्तो कर्मचारी,

(ङ) नेपाल सरकार वादी हुने मुद्दामा सरकारी कर्मचारीले अनुसन्धानको क्रममा पेश गरेको प्रतिवेदन वा गरेको कागजलाई खण्डन हुने गरी झुठ्ठा बकपत्र गरेमा त्यस्तो कर्मचारी ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित सरकारी वकीलबाट लेखी आएको व्यहोरा मनासिब देखिएमा वा सरकारी वकीलबाट त्यसरी लेखी नआए पनि महान्यायाधिवक्ताले विभागीय कारबाहीको लागि लेखी पठाउनु पर्ने आधार देखेमा सम्बन्धित कर्मचारी वा

अधिकारी उपर प्रचलित कानून बमोजिम विभागीय कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम लेखी आएमा अख्तियारवालाले त्यस्तो कर्मचारी वा अधिकारीलाई प्रचलित कानून बमोजिम आवश्यक प्रकृया पूरा गरी विभागीय कारबाही गरी सोको जानकारी महान्यायाधिवक्तालाई गराउनु पर्नेछ ।

३६. <u>निर्णयको जानकारी पठाउनु पर्ने</u>: (१) प्रचलित कानून बमोजिम अनुसन्धान पूरा भई प्राप्त भएको मिसिलमा मुद्दा नचल्ने गरी निर्णय भएकोमा सो निर्णय भएको मितिले तीन दिनभित्र मिसिल कागजात सहित जिल्ला सरकारी वकील कार्यालयले उच्च सरकारी वकील कार्यालयमा र उच्च सरकारी वकील कार्यालयले महान्यायाधिवक्ताको कार्यालयमा निकासाको लागि पठाउनु पर्नेछ। यसरी पठाउँदा सम्बन्धित मुद्दाको हदम्याद समेतलाई विचार गरी छिटो साधन वा माध्यमद्वारा पठाउनु पर्नेछ ।

(२) विशेष सरकारी वकील कार्यालयमा प्राप्त भएका मिसिलमा सो कार्यालयले मुद्दा नचल्ने निर्णय गरेकोमा सम्बन्धित मिसिल कागजात निकासाको लागि उपनियम (१) बमोजिम महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ ।

(३) आंशिक रुपमा मुद्दा नचल्ने निर्णय भएमा समेत उपनियम (१) वा (२) बमोजिम गर्नु पर्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिमको जानकारी नपठाउने सरकारी वकीललाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गरिनेछ ।

३७. **<u>अभियोगपत्र संशोधन सम्बन्धमाः</u>** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम अभियोगपत्र संशोधन गर्न आवश्यक भएमा सम्बन्धित सरकारी वकील कार्यालयले आफ्नो राय सहित महान्यायाधिवक्ताको स्वीकृतिका लागि मिसिल कागज पठाई निकासा भए बमोजिम गर्नु पर्नेछ ।

३८. <u>सरकारी वकीलसँग राय माग्दा पुऱ्याउनु पर्ने रीतः</u> कुनै संवैधानिक वा कानूनी प्रश्नमा सरकारी वकीलसँग राय माग गर्दा देहाय बमोजिम गरी माग गर्नु पर्नेछः-

(क) जुन विषयमा राय माग गरिएको हो सो विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग्ने कार्यालय वा अधिकारीलाई भएको हुनु पर्ने,

(ख) जुन विषयमा राय माग गरिएको हो सोसँग सम्बन्धित सम्पूर्ण विवरण संक्षेपमा खुलाई सम्बन्धित कागजात संलग्न गरिएको हुनु पर्ने,

(ग) राय मागिएको विषयमा स्पष्टतः कानूनी प्रश्न उल्लेख गरिएको हुनु पर्ने,

(घ) जुन विषयमा राय मागिएको हो सो विषयमा अन्य कुनै कार्यालय वा

अधिकारीको समेत राय लिनु पर्ने वा अन्य कुनै प्रक्रिया पूरा गर्नु पर्ने भएमा सो राय मागी सकेपछि तथा त्यस्तो प्रक्रिया पूरा गरिसकेपछि मात्र सरकारी वकीलसँग राय मागिएको हुनु पर्ने,

(ङ) जुन विषयमा राय माग गरिएको हो सो सम्बन्धमा विभागीय राय वा सम्बन्धित कार्यालयको दृष्टिकोण उल्लेख भएको हुनु पर्ने ।

३९. **राय माग गरिएको र राय दिइएको विषय गोप्य हुनेः** नियम ३८ बमोजिम सरकारी वकीलसँग राय माग गरिएको विषय र सरकारी वकीलले राय दिएको विषय गोप्य हुनेछ ।

४०. **बहसमा सरकारी वकीलको तजबिजः** (१) सरकारी वकीलले बहस पैरवी गर्दा व्यावसायिक आचरणको पालना गरी आफ्नो तजबिज अनुसार गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सरकारी वकीलले बहस पैरवी गरेको कारणलाई मात्र आधार लिई निज उपर कुनै कारबाही गरिने वा मुद्दा चलाईने छैन ।

४१. **कानून व्यवसाय गर्न सक्नेः** सरकारी वकीलले नेपाल सरकारको हक, हितमा प्रतिकूल असर नपर्ने र नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने तथा कार्यालयको काममा बाधा नपुग्ने गरी महान्यायाधिवक्ताको स्वीकृति लिई नेपाल सरकारको अधिकांश स्वामित्व भएको कुनै सङ्गठित संस्थामा कानून व्यवसाय गर्न, त्यस्तो सङ्गठित संस्थाको

तर्फबाट बहस पैरवी गर्न वा कुनै शैक्षिक वा प्राज्ञिक संस्थामा अध्यापन, अनुसन्धान, अन्वेषण तथा प्रशिक्षण गर्न सक्नेछ ।

४२. <u>महान्यायाधिवक्ताले निर्देशन दिन वा अधिकार प्रत्यायोजन गर्न सक्नेः</u> (१) नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन महान्यायाधिवक्ताले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित अधिकारी तथा सरकारी वकीलको कर्तव्य हुनेछ ।

(२) प्रचलित कानूनको अधीनमा रही महान्यायाधिवक्ताले नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा वा कानूनी विषयमा दिएको निर्देशनको पालना गर्नु वा गराउनु सम्बन्धित अधिकारीको कर्तव्य हुनेछ ।

(३) प्रचलित कानूनको अधीनमा रही महान्यायाधिवक्ता वा विभागीय प्रमुखले आफ्नो अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतको सरकारी वकीलले प्रयोग र पालना गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

४३. <u>व्यवस्थापन समितिः</u> (१) सरकारी वकील कार्यालयको संस्थागत सुदृढीकरण गर्न तथा नीतिगत विषयमा निर्णय लिनका लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछः-

(क) महान्यायाधिवक्ता -अध्यक्ष

(ख) विभागीय प्रमुखहरू -सदस्य

(ग) प्रशासन हेर्ने सहन्यायाधिवक्ता -सदस्य–सचिव

(२) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) महान्यायाधिवक्ताको पद रिक्त भएको वा कुनै कारणले लामो समयसम्म महान्यायाधिवक्ता कार्यालयमा अनुपस्थित भएको अवस्थामा व्यवस्थापन समितिका अन्य सदस्यहरू मात्र उपस्थित भई व्यवस्थापन समितिको बैठक बसी निर्णय गर्न सकिनेछ ।

(४) व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै सरकारी वकील, विज्ञ वा कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४४. **समन्वय समितिको सचिवालय सम्बन्धी व्यवस्था:** (१) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिम गठन हुने समन्वय समितिले गर्ने काम कारबाहीमा सहयोग गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा समन्वय समितिको सचिवालय रहनेछ ।

(२) समन्वय समितिको सचिवालयमा आवश्यक सङ्ख्यामा सरकारी वकील रहनेछन् ।

(३) उपनियम (१) बमोजिमको सचिवालयले समन्वय समितिको निर्णय कार्यान्वयन गर्ने गराउने, अनुगमन गर्ने, समितिका निर्णय अभिलेखिकरण गर्ने तथा समन्वय समितिले तोकेको अन्य कार्य गर्नेछ ।

४५. **नीति व्यवस्थापन समूह:** (१) सरकारी वकील कार्यालयको सुदृढीकरण लगायत नीति निर्माणसँग सम्बन्धित विषयमा

महान्यायाधिवक्ता तथा नियम ४३ बमोजिमको व्यवस्थापन समितिलाई सुझाव तथा परामर्श उपलब्ध गराउन महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता तथा सहन्यायाधिवक्ताहरु रहेको एक नीति व्यवस्थापन समूह रहनेछ ।

(२) उपनियम (१) बमोजिमको नीति व्यवस्थापन समूहको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) उपनियम (१) बमोजिमको नीति व्यवस्थापन समूहको सचिवको रुपमा प्रशासन शाखा हेर्ने उपन्यायाधिवक्ताले काम गर्नेछ ।

४६. **नेपाल सरकारको अधिकार:** नेपाल सरकारले महान्यायाधिवक्तासँग परामर्श गरी सरकारी वकील कार्यालय तथा सरकारी वकीलको प्रशासन सम्बन्धमा समय समयमा आवश्यक व्यवस्था गर्न सक्नेछ र त्यस्तो व्यवस्था यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

४७. **सरकारी वकीललाई अन्य काममा खटाउने:** (१) सरकारी वकीलको दरबन्दी कायम भएको स्थानमा बाहेक सरकारी वकीललाई सो पदले गर्ने कामसँग सम्बन्धित काममा मात्र खटाउन सकिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वकील कार्यालयको कार्य सम्पादनमा प्रभाव नपर्ने गरी संवैधानिक आयोग, नेपाल सरकारबाट गठन हुने आयोग, समिति, कार्यदल वा निर्वाचनको काममा सरकारी वकीललाई खटाउन सकिनेछ ।

४८. **कार्यदल गठन गर्न सक्ने:** (१) सरकारी वकीलको कार्य सम्पादनलाई प्रभावकारी बनाउन वा सरकारी वकीलसँग

सम्बन्धित कुनै कानूनी व्यवस्थाको पुनरावलोकन गर्न वा सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउनका लागि महान्यायाधिवक्ताको कार्यालयले आवश्यकता अनुसार विभिन्न कार्यदल वा अनुसन्धान समूह गठन गरी जिम्मेवारी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन भएका कार्यदल वा अनुसन्धान समूहको कार्यदिश र जिम्मेवारी महान्यायाधिवक्ताको कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।

४९. **यसै नियमावली बमोजिम हुनेः** यस नियमावलीमा उल्लेख भएका विषयमा यसै नियमावली बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

५०. **खारेजी र बचाउः** (१) सरकारी वकील सम्बन्धी नियमावली, २०५५ खारेज गरिएको छ ।

(२) सरकारी वकील सम्बन्धी नियमावली, २०५५ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

**आज्ञाले,**

**नारायणप्रसाद विडारी**

**नेपाल सरकारको सचिव ।**

# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सडक सुधार तथा विकास आयोजना अन्तर्गत Exim-Bank of India को ऋण सहयोग Line of Credit (LOC) III अन्तर्गत सञ्चालनमा रहेको Upgrading/Improvement of Gandak Canal Road (Ch 0+000-61+919 (ठे.न. RIDP/337133/GCR-10/2074/75)) सडक निर्माण कार्यका लागि निर्माण व्यवसायी M/S Shivalaya-Diwa JV, Lalitpur (Shivalaya Construction Co.Pvt. Limited, New Delhi, India र Diwa Nirman Sewa Pvt. Ltd., Nepal) ले पैठारी गर्ने भारतीय रुपैयाँ २८,८३,७४,१७७।१६ (अठ्ठाइस करोड त्रियासी लाख चौहत्तर हजार एक सय सतहत्तर पैसा सोह्र) मूल्य बराबरका आयोजनामा खपत हुने निर्माण सामग्रीमा मूल्य अभिवृद्धि कर असूल गरी अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।११।०१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सडक सुधार तथा विकास आयोजना अन्तर्गत Exim-Bank of India को ऋण सहयोगमा सञ्चालनमा रहेको चन्द्रौटा कृष्णनगर सडक तथा कृष्णनगर सहरी सडक आयोजनाको सडक निर्माण कार्यका लागि